स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता विपिन कार्की, छायांकार चिन्तन राजभण्डारीसहितले उपकरण व्यवसाय थालेका छन्। उनीहरूले "लाइट वेन्डर्स" नामक कम्पनीमार्फत प्रोडक्सन र छायांकन व्यवस्थापनका काम अघि बढाएका हुन्। श्याम खड्का र एरिस थापा समेत साझेदार रहेको यो कम्पनीले नेपालमा हुने फिल्म छायांकनका लागि ग्रीप ट्रक, लाइट लगायतका उपकरण उपलब्ध गराउनेछ। जसका लागि ३ वटा ग्रीप ट्र्याक तयार छन्।

**आजको विचार...**



करको... (दुई पेजमा)

श्रीमननारायण

आगामी भदौ २६ गतेदेखि प्रदर्शनमा आउन लागेको चलचित्र "बेहुली"को पहिलो गीत "दिलमा ठाउँ छ" सार्वजनिक गरिएको छ। शुक्रबार काठमाडौंको एक कार्यक्रम सहित गीत सार्वजनिक गरिएको हो। गीतमा चलचित्रका निर्मातासमेत रहेका संगीतकार अर्जुन पोखरेलको शब्द तथा संगीत छ भने अन्जु पन्त, प्रशान्त सिवाकोटी र रवि ओडको स्वर छ। गीतको भिडियोमा पारस बम ठकुरी, दिव्या रायमाझी, सुशान्त कार्की र कलाकार पदम तामाङ फिचर्ड छन्। यो गीत चलचित्रको प्रचारप्रसार र प्रवर्द्धनका लागि फरक स्वादमा तयार पारिएको बताए।



❐ वर्ष ३२ ❐ अंक १० ❐ २०८३ साउन १० गते आइतबार 26 July 2026, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# लुम्बिनी मेडिकलमा धमाधम कर्मचारी हटाइँदै

## कानुनी प्रक्रियामाथि प्रश्न,व्यवस्थापन भन्छ– 'सबै कानुनअनुसार छ'

**रामचन्द्र रायमाझी**

**पाल्पा,** साउन ९/ जिल्लाको तानसेनस्थित लुम्बिनी मेडिकल कलेजमा नयाँ व्यवस्थापन आएपछि कर्मचारी हटाउने क्रम सुरु भएको छ । पुराना सेयर होल्डर बाहिरिएपछि नयाँ व्यवस्थापन पक्षले धामाधम कर्मचारी निकाल्न थालेको हो ।

पछिल्लो समय करिब एक दर्जनभन्दा बढी कर्मचारीलाई कुनै स्पष्ट कारण, पूर्वसूचना वा कानुनी प्रक्रिया पूरा नगरी सेवाबाट हटाएको स्रोतले जनाएको छ । यस विषयमा सामाजिक सञ्जालमा समेत व्यापक आलोचना हुँदै श्रम ऐनको पालना र कर्मचारी अधिकारबारे प्रश्न उठ्न थालेका छन् । पीडित कर्मचारीहरूले आफूहरूलाई दिनभरि नियमित काम गराएर घर



फर्किने बेलामा 'भोलिदेखि काममा नआउनुहोस्' भन्दै मौखिक रूपमा सेवाबाट हटाइएको बताएका छन् । बिहीबार दिनभरि नियमित रूपमा काम गराइएपछि कार्यालय प्रशासनमा बोलाएर 'भोलिदेखि काममा नआउनु' भन्ने मौखिक जानकारी दिइएको सेवाबाट हटाइएका कर्मचारी (नाम परिवर्तन) नवराज डुम्रेले बताए । "म विगत एक वर्षदेखि इमानदारीपूर्वक काम गर्दै आएको थिएँ । कुनै स्पष्टीकरण सोधिएन, कुनै पूर्वसूचना दिइएन, सफाइ दिने अवसर समेत प्रदान गरिएन । एक्कासी मौखिक रूपमा सेवाबाट हटाइनु श्रम ऐन र कानुनी प्रक्रियाविपरीत हो," उनले एजेडीसँगको कुराकानीमा गुनासो गरे । उनले श्रम ऐन २०७४ अनुसार कुनै पनि श्रमिकलाई मानसिव कानुनी आधार र तोकिएको कार्यविधि पुरा नगरी सेवाबाट हटाउन नपाइने व्यवस्था भए पनि अस्पताल प्रशासनले त्यसलाई लत्याएको बताए । डुम्रेले आफूलाई गैरकानुनी रूपमा सेवाबाट हटाइएको दाबी गर्दै उक्त निर्णय तत्काल फिर्ता लिन र साविककै पद तथा जिम्मेवारीमा पुनर्बहाली गर्न अस्पताल बोर्डसँग माग समेत गरेका छन् ।

-बाँकी अन्तिम पेजमा...

## संक्षिप्त समाचार

### रुसी क्षेप्यास्त्र हमला, १० जनाको मृत्यु

(रासस/एपी)

**किभ,** साउन ९ / युक्रेनको राजधानी किभ नजिक रक्षा उद्योगसम्बन्धी कार्यक्रम भइरहेको स्थानमा शुक्रबार भएको रुसी ब्यालिस्टिक क्षेप्यास्त्र आक्रमणमा कम्तीमा १० जनाको मृत्यु भएको छ भने करिब १०० जना घाइते भएका छन् । युक्रेनी अधिकारीहरूका अनुसार आक्रमण किभको केन्द्रबाट करिब २०-३० किलोमिटर टाढा बुचा जिल्लास्थित निजी सैन्य प्रशिक्षण केन्द्रमा भएको हो । घटनामा २७ वटा घर र ४४ वटा सवारीसाधनमा क्षति पुगेको छ । क्षेत्रीय सैन्य प्रशासनका कार्यवाहक प्रमुख रुस्लान ओलिइनिकका अनुसार आपत्कालीन उद्धार टोलीहरू घटनास्थलमा परिचालन गरिएका छन् । यो आक्रमण अमेरिकी रक्षा कम्पनी 'रेथियन'का वरिष्ठ प्रतिनिधिसँग युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले भेटवार्ता गरेको भोलिपल्ट भएको हो । उक्त कम्पनीले युक्रेनलाई आवश्यक 'प्याट्रियट' हवाई प्रतिरक्षा प्रणाली उत्पादन गर्छ । आक्रमणपछि जेलेन्स्कीले 'प्याट्रियट' प्रणालीका लागि आवश्यक इन्टरसेप्टर क्षेप्यास्त्रको आपूर्तिलाई प्राथमिकतामा राख्नुपर्ने बताएका छन् ।

# गुल्मीमा अरिङ्गालले टोकेर एक युवकको मृत्यु



**गुल्मी,** साउन ९/ जिल्लाको सत्यवती गाउँपालिका-५ हँसरामा अरिङ्गालले टोकेर एक युवकको मृत्यु भएको छ । अरिङ्गाल पोल्ने क्रममा टोकेर घाइते भएका हसराका २२ वर्षीय पूर्णसिंह थामी मगरको मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालयका अनुसार साउन २ गते घरनजिकै कदमको रुखमा अरिङ्गाल पोल्ने क्रममा थामीलाई अरिङ्गालले टोकेको थियो । उनलाई उपचारका लागि लुम्बिनी मेडिकल कलेज एण्ड टिचिङ हस्पिटल, प्रभास (पाल्पा) पठाइएको थियो । त्यसपछि थप उपचारका लागि लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल लगिएको थियो । दुवै खुट्टा र दायाँ हातमा टोकी घाइते भएका उनको उपचारका क्रममा शुक्रबार राति मृत्यु भएको जिल्ला प्रहरी कार्यालय गुल्मीले जनाएको छ ।

# कालीगण्डकी तटमा एक सय आठ तुलसी रोपण

**गण्डकी,** साउन ९/ धार्मिक महत्व बोकेको कालीगण्डकी नदी तटको निरयघाटमा हरिशयनी एकादशीका अवसरमा शनिबार बागलुङ नगरपालिका-४ स्थित निरयघाटलाई मानवसेवा धाम बनाउने उद्देश्यसहित १०८ तुलसी रोपण गरिएको छ ।

जिल्ला समन्वय समितिका प्रमुख अम्मरबहादुर थापा, बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठ, मानवसेवा आश्रमका केन्द्रीय अध्यक्ष रामजी अधिकारीलगायतको उपस्थितिमा तुलसी रोपण गरिएको हो । भक्तजन र शुभेच्छुकहरूबाट प्रतिमठ रु १० हजार ५०० सहयोग लिई तुलसी रोपण गरिएको मानवसेवा धाम विकास समितिका सचिव युक्तप्रसाद सुवेदीले बताए । ऐतिहासिकस्थल निरयघाटलाई मानवसेवा धामका रूपमा विकास गर्न गुरूयोजना बनाएर काम



सुरू गरिएको मानवसेवा आश्रमका अध्यक्ष अधिकारीले बताए । बागलुङ नगरपालिका प्रमुख श्रेष्ठले निरयघाटलाई धार्मिक पर्यटनको केन्द्रका रूपमा विकास गर्न नगरपालिकाले मानवसेवा आश्रमसँगको सहकार्यमा योजनाबद्ध रूपमा पर्यटन प्रवर्द्धनका काम अगाडि बढाएको बताए ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## जलन उपचार केन्द्र बनाउन ढिला नगर

सामन्यतया: आगोको ज्वाला, तातो झोल पदार्थ, तातो वस्तुको सम्पर्कबाट हुने पोलाई, विद्युतीय झट्का र रसायनिक पदार्थ छोइएर हुने चोटहरुलाई 'जलन' भन्ने गरिन्छ । मुलुकमा हरेक वर्ष हजारौँ मानिस आगलागी, ग्यास विस्फोट, विद्युत् सर्ट, तातो पानी वा तेलका कारण जलनको सिकार हुने गरेका छन् । बालबालिका, महिला र वृद्धहरू विशेष जोखिममा पर्छन् । तर विडम्बना, यति ठूलो जनस्वास्थ्य समस्याका बाबजुद देशका अधिकांश स्थानमा विशेषज्ञ सेवा सहितको आधुनिक जलन उपचार केन्द्रको अभाव छ । यसले धेरै बिरामीले समयमै उपचार नपाउने, अपाङ्गता भोग्नुपर्ने वा ज्यानसमेत गुमाउनुपर्ने अवस्था सिर्जना गरेको छ । जलन सामान्य घाउजस्तो होइन । यसको उपचारका लागि विशेष दक्ष चिकित्सक, प्रशिक्षित स्वास्थ्यकर्मी, अत्याधुनिक उपकरण, संक्रमण नियन्त्रणको व्यवस्था र दीर्घकालीन पुन:स्थापना सेवा आवश्यक हुन्छ । यस्ता सुविधा सीमित अस्पतालमा मात्र उपलब्ध हुँदा दूरदराजका बिरामीले उपचारका लागि लामो यात्रा गर्नुपर्ने बाध्यता छ । उपचारमा भएको ढिलाइले बिरामीको अवस्था झन् जटिल बनाउने मात्र होइन, उपचार खर्च पनि अत्यधिक बढाउँछ । सरकारले स्वास्थ्य सेवामा समान पहुँचको कुरा गर्दै आएको छ । तर जलन उपचारजस्तो संवेदनशील क्षेत्रमा आवश्यक लगानी र पूर्वाधार निर्माणले अझै पर्याप्त प्राथमिकता पाएको देखिँदैन ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार नेपालमा वार्षिक झन्डै ५५ देखि ६० हजार मानिस सानाठूला जलनको समस्याबाट प्रताडित हुन्छन् । यति ठुलो संख्यामा नागरिक अकालमै मृत्युको मुखमा पुग्ने, आजीवन अपाङ्गता वा विरूप भई बाँच्न विवश हुने गरेका छन् । यो विषय देशको जनस्वास्थ्य क्षेत्रका लागि ठुलो चुनौती बनेको छ । देशका सातै प्रदेशमा अत्याधुनिक र सुविधासम्पन्न जलन उपचार केन्द्र स्थापना र विस्तार अति आवश्यक भएको छ । जलन उपचार केन्द्रको स्थापना आफैँमा एक अत्यन्त जटिल, संवेदनशील र खर्चिलो स्वास्थ्य समस्या हो । हालसम्म पनि नेपालमा जलनको विशिष्टीकृत र भरपर्दो उपचार सेवा छैन । काठमाडौँमा वीर अस्पताल, कीर्तिपुर अस्पताल र सुषमा कोइराला मेमोरियल अस्पतालमा जलन उपचारको सीमित व्यवस्था छ । यो उपचारसेवा पर्याप्त छैन । पर्याप्त उपकरण, दक्ष प्लास्टिक सर्जन, समर्पित आइसियु शैया र विशेष जनशक्तिको कमी छ । गम्भीर जलनका बिरामीलाई विदेश लैजानुपर्ने बाध्यता छ । मोफसलमा कसैलाई गम्भीर जलन भएमा प्रारम्भिक उपचारसमेत नपाई काठमाडौँ लैजानुपर्ने अवस्था छ । कम्तीमा पनि प्रदेशस्तरमै आधुनिक जलन उपचार केन्द्र स्थापना गर्न सके हजारौँ नागरिकले समयमै गुणस्तरीय उपचार पाउने थिए । तसर्थ जलन उपचार केन्द्र निर्माणमा अब ढिलाइ गर्ने कुनै पनि बहाना स्वीकार्य हुन सक्दैन । त्यसतर्फ सरकारले ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

जरूरी छैन सबैले तिम्रो महत्व बुझ्नुपर्छ,
तराजुले पनि त केवल तौल नाप्छ, गुणस्तर होइन ।
*(अनिल सुवेदीको फेसबुक स्टाटसबाट www.facebook.com/Anil.Subedi)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# करको भारीले थिचिए नेपाली जनता



## श्रीमननारायण

*'करको दायरा विस्तार' जस्तो प्राविधिक र विशुद्ध अर्थशास्त्रको शब्दलाई सबैले बुझ्ने प्रश्न नै भएन तर जब स्कुलमा आफ्नो सन्तानको पढाइ शुल्क बुझाउन जाने अभिभावकले ३ प्रतिशत थप शैक्षिक कर तिर्नुपर्ने हुन्छ, एउटा बिरामीले अस्पतालमा उपचार गराउँदा अस्पतालमा बुझाउने खर्चमा तीन प्रतिशत थप स्वास्थ्योपचार खर्च तिर्नुपर्ने हुन्छ, गहना बिक्री गर्दा ०.५ प्रतिशत थप कर तिर्नुपर्ने हुन्छ, विद्युत्मा ५० युनिटभन्दा माथि खपत गर्दा थप कर तिर्नुपर्ने अवस्था आएको छ । विद्युत् शुल्क पनि नयाँ निर्धारण भएको छ । २१ प्रतिशत मूल्यवृद्धिको उपहार सरकारले यसअघि नै दिइसकेको छ । खाना पकाउने ग्यास, डिजेल र मट्टितेलमा मूल्यवृद्धि भइसकेकै हो । सरकारले परिवर्तनको अनुभूति गराउनमा कन्जुस्याइँ गरेको छ । पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराईले वर्तमान सरकारको कार्यशैलीको आलोचना गर्दै भनेका छन् 'एकै चोटि धेरै चरा मार्न खोज्दा कुनै चरा पनि मर्दैनन् । ठूलो गाँस मुखमा हाल्दा घाँटीमा अड्किने खतरा हुन्छ । जेनजी विद्रोहको पृष्ठभूमिमा ठूलो जनअपेक्षासहित सत्तासीन नयाँ सरकारले एकै चोटि धेरैतिर हात हाल्नुभन्दा सुशासन र समृद्धिमै ध्यान केन्द्रित गर्नु राम्रो होला ।*

अर्थशास्त्रको पढाइ गरेकाहरूलाई अर्थशास्त्री भनिन्छ । त्यसमा पनि अमेरिका, ब्रिटेन र अन्य पश्चिमा मुलुकमा अर्थशास्त्रको पढाइ गरेकाहरू स्वत: नै अत्याधिक विद्वान र अर्थशास्त्री हुने भए । विगत दुई दशकमा नेपालमा दुई ठूला विद्वानहरू अर्थमन्त्री भएछन् । पहिलो डा.बाबुराम भट्टराई र अहिले डाक्टर स्वर्णिम बाग्ले । दुवैजना पिएचडी विद्वान । डा.भट्टराई, माओवादीको एक दशक लामो सशस्त्र संघर्षबाट सत्तामा आएको पार्टीका अर्थमन्त्री थिए भने जेन-जी आन्दोलनको सफलतापश्चात् सत्तामा आएको रास्वपा सरकारका अर्थमन्त्री स्वर्णिम वाग्ले हुन् । दुवै अर्थशास्त्रीहरू प्रचण्ड बहुमत प्राप्त सरकारमा अर्थमन्त्री भए । डा.भट्टराई प्रचण्ड नेतृत्वको सरकारमा दोस्रो नम्बरका मन्त्री थिए भने डा.वाग्ले पनि बालेन साह सरकारमा बरियताको हिसाबले दोस्रो नम्बरका मन्त्री हुन् । डा.बाबुराम भट्टराई पनि जनतामाथि अत्याधिक कर लादेर नै सफल अर्थमन्त्री कहलिएका थिए । डा.स्वर्णिम वाग्ले पनि जनतामाथि नै अत्याधिक कर लादेर सफल अर्थमन्त्री बन्न चाहन्छन् तर अहिले जनताको क्रयशक्तिमा ह्रास आएको छ । जनताको आर्थिक हैसियत निकै कमजोर छ, सरकारको करनीति कार्यान्वयनमा आउन गाह्रो हुनेछ । बालेन सरकारले केवल अर्थशास्त्र पढेकालाई मात्रै होइन नेपाली जनता र नेपाली समाजलाई बुझेको व्यक्तिलाई अर्थमन्त्री बनाएमात्रै यस सरकारप्रति जनताको घट्दो विश्वास र समर्थनलाई रोक्न सकिन्छ । डा.भट्टराई अर्थमन्त्री भएपछि ठूलो आत्मविश्वासका साथ घोषणा गरेका थिए । 'सर्पजस्तो घिस्रिने होइन, भ्यागुतो जस्तो छलाङ मार्ने' आर्थिक नीति लागू गरिनेछ । त्यससँगै उनले अर्को चर्चित नारा दिएका थिए 'करको दायरा विस्तार गर्ने' । अहिले स्वर्णिम बाग्लेले पनि करको दायरा बढाउन घोषणा गरेका छन् । 'करको दायरा विस्तार' जस्तो प्राविधिक र विशुद्ध अर्थशास्त्रको शब्दलाई सबैले बुझ्ने प्रश्न नै भएन तर जब स्कुलमा आफ्नो सन्तानको पढाइ शुल्क बुझाउन जाने अभिभावकले ३ प्रतिशत थप शैक्षिक कर तिर्नुपर्ने हुन्छ, एउटा बिरामीले अस्पतालमा उपचार गराउँदा अस्पतालमा बुझाउने खर्चमा तीन प्रतिशत थप स्वास्थ्योपचार खर्च तिर्नुपर्ने हुन्छ, गहना बिक्री गर्दा ०.५ प्रतिशत थप कर तिर्नुपर्ने हुन्छ, विद्युत्मा ५० युनिटभन्दा माथि खपत गर्दा थप कर तिर्नुपर्ने अवस्था आएको छ । विद्युत् शुल्क पनि नयाँ निर्धारण भएको छ । २१ प्रतिशत मूल्यवृद्धिको उपहार सरकारले यसअघि नै दिइसकेको छ । खाना पकाउने ग्यास, डिजेल र मट्टितेलमा मूल्यवृद्धि भइसकेकै हो । सरकारले परिवर्तनको अनुभूति गराउनमा कन्जुस्याइँ गरेको छ । पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराईले वर्तमान सरकारको कार्यशैलीको आलोचना गर्दै भनेका छन् 'एकै चोटि धेरै चरा मार्न खोज्दा कुनै चरा पनि मर्दैनन् । ठूलो गाँस मुखमा हाल्दा घाँटीमा अड्किने खतरा हुन्छ । जेनजी विद्रोहको पृष्ठभूमिमा ठूलो जनअपेक्षासहित सत्तासीन नयाँ सरकारले एकै चोटि धेरैतिर हात हाल्नुभन्दा सुशासन र समृद्धिमै ध्यान केन्द्रित गर्नु राम्रो होला । त्यसमध्ये देशभित्रै ८-१० लाख रोजगारी सिर्जनातिर ध्यान केन्द्रित गर्नुपर्छ । वर्तमान सरकारको नयाँ करनीति जनविरोधी छ । राइडिङ सेयरिङवालाको ५ प्रतिशत थप सेवा शुल्क हुनेछ । सेयर वर्षभन्दा बढी होल्ड गरेर बिक्री गरेमा पुँजीगत लाभकर ७.५ प्रतिशत लाग्ने भएको छ । शेयर वर्षभन्दा कम अवधि बिक्री गरेमा पुँजीगत लाभकर १० प्रतिशत लाग्नेछ । घरजग्गाको पुँजीगत लाभकर तोकिएको छ । ५ वर्ष वा बढी स्वामित्व भए ७.५ प्रतिशत कर र ५ वर्षभन्दा कम भए १० प्रतिशत कर तिर्नुपर्नेछ । वार्षिक करयोग्य आय भएमा १० लाख रुपैयाँसम्मको आय भएमा १ प्रतिशत कर, १० लाख रुपैयाँदेखि १५ लाख रुपैयाँसम्म १० प्रतिशतसम्म, १५ लाख १ रुपैयाँदेखि २५ लाख रुपैयाँसम्म २० प्रतिशत कर, २५ लाख १ रुपैयाँदेखि ४० लाख रुपैयाँसम्म २७ प्रतिशत कर र ४० लाखभन्दा माथि आय भएमा २९ प्रतिशतसम्म कर तिर्नुपर्नेछ । शिक्षा, स्वास्थ्य र बिजुलीजस्तो जनताको न्यूनतम अथवा आधारभूत आवश्यकतामाथि पनि कर लागू गर्ने वर्तमान सरकारको कर नीति जनविरोधी छ । 'करको दायरा विस्तार' बारे एक नेपाली विद्वानले सम्झाए अनुसार व्यावहारिक रूपमा यसको अर्थ कर तिरेर साइकल किन्यो, साइकल किनेपछि घण्टी बजाएको कर, साइकल रोक्दा स्टयान्ड लगाएको कर र ट्युबमा हावा हालेको कर । अर्थात् जहाँ सकिन्छ, त्यहाँ करको पहुँच विस्तार गरेर राज्यको रकम असुली गर्नुलाई नै 'करको दायरा विस्तार' भनिएको हो । डा.बाबुराम भट्टराई पनि अर्थमन्त्री हुँदा यसरी नै करको दायरा विस्तार गरिएको थियो । उनले त युवाहरूलाई स्वरोजगार दिने नाममा लाखौं नेपाली युवाबाट दुई सय रुपैयाँको दरको पैसा जम्मा गराएका थिए । स्वरोजगार त टाढाको कुरा त्यो पैसा पनि फिर्ता भएन । बाबुराम भट्टराईको कर नीतिका कारण नेपालको अर्थतन्त्रले जुन बाटो समाएको त्यसको असर मध्यम वर्गको पलायन बढ्दैगयो, निजी पुँजी विदेशतर्फ प्रवाहित हुन थाल्यो, उद्योग-व्यवसायमा लगानीको उत्साह घट्दैगयो र अर्थतन्त्र आजसम्म पनि अपेक्षित रूपमा उठन सकेको छैन । माओवादीको एक दशक लामो सशस्त्र संघर्षमा चन्दा र अपहरण आतंक, बन्द, हड्ताल, चारैतिर असुरक्षा एवं त्रासका कारण चौपट्ट भएको नेपालको उद्योग-व्यापारलाई डा.बाबुराम भट्टराई अर्थमन्त्री भएपछि झन् कमजोर बनाइयो । येनकेन प्रकारेण भेन्टिलेटरमा रहेको नेपालको उद्योग-व्यवसायलाई नयाँ अर्थनीतिले झन् कमजोर बनाउनेछ । हरेक समस्या देख्ने बित्तिकै नयाँ कर थप्नु आर्थिक सुधार होइन, राजस्वको संकट बाटो खोज्नु हो । अत्याधिक करको बोझले उपभोक्ता घटाउँछ, निजी लगानी निरुत्साहित हुन्छ, उद्योगको लागत बढ्छ, अनौपचारिक अर्थतन्त्र फैलिन्छ र अन्तत: करको आधार नै साँधुरिन्छ । समृद्ध व्यवसायी, समृद्ध किसान, सम्मानजनक आम्दानी भएका मजदुर र क्रयशक्ति भएका उपभोक्ता बलियो भएमा मात्रै राज्यको राजस्व पनि दिगो रूपमा बढ्न सक्छ । त्यसैले करको दायरा विस्तार गर्नुभन्दा पहिले उत्पादनको दायरा बढाउनेतिर सरकारले ध्यान केन्द्रित गर्नुपर्छ । अर्थशास्त्रमा एउटा चर्चित सिद्धान्त छ, समृद्ध अर्थतन्त्रले धेरै कर उठाउँछ तर धेरै कर उठाएर अर्थतन्त्र समृद्ध हुँदैन । राज्य कोष भर्ने सबैभन्दा सजिलो उपाय भनेको करको दर र दायरा बढाउनु हो तर सफल अर्थमन्त्रीको मापन त्यसबाट हुँदैन । सफल अर्थमन्त्री त्यो हो, जसले उत्पादन, लगानी, रोजगार, निर्यात र नागरिकको आय बढाउँछ । त्यसपछि स्वभाविक रूपमा कर संकलन बढ्छ । विवेकपूर्ण कर नीतिले हरेक वर्ष राज्यकोषलाई बलियो बनाउँछ र तर अत्याधिक करले करदातालाई निरुत्साहित पार्दछ । अर्थमन्त्रीलाई सफल त्यतिबेला मात्रै मान्न सकिन्छ जब नागरिकको आम्दानी बढ्छ, व्यवसाय विस्तार हुन्छ, नयाँ-नयाँ उद्योग खुल्छ, युवाले देशमै अवसर देख्छन अनि कर तिर्ने आधार स्वभाविक रूपमै फराकिलो हुन्छ । यदि करको बोझ असन्तुलित रूपमा बढाइयो भने त्यसको असर व्यवसायीमा मात्र सिमित रहँदैन । उद्योग-व्यवसायको लागत बढछ, त्यसको मार उपभोक्तामाथि सर्छ । किसानले आफ्नो उत्पादनको उचित मूल्य पाउन सक्दैन, मजदुरको रोजगारी र ज्यालामा दवाव पर्छ, नयाँ लगानी घट्छ र अन्तत: सम्पूर्ण अर्थतन्त्र नै सुस्त बन्नपुग्छ । भ्रष्टाचारको अन्तय र सुशासनको स्थापना गर्ने घोषित प्रतिबद्धतासहित भएको जेन-जी आन्दोलनको उद्देश्य चुनावपश्चात् दिशाहीन हुँदैगएको छ । मितव्ययिता अपनाएर सार्वजनिक खर्चमाथि रोक लगाउन सकिन्छ तर वर्तमान सरकारले तीन महिनामै ७५ अर्ब जति ऋण लिइसक्यो । सहकारीको बचत व्यक्तिले तिर्नुपरेमा राज्यकोषबाट तिर्ने काम भयो । मन्त्रीहरूको स्वकीय सचिव र निजी सचिवालयका कर्मचारीको तलब सरकारले तिर्नुपर्ने भएको छ । जनतालाई राहत दिने काम गरेको छैन । हिजोका कथित भ्रष्ट सरकारहरूको पालामा साढे तीन हजार रुपैयाँमा एक लाखसम्मको स्वास्थ्य बीमा गरिन्थ्यो तर अहिलेको सरकारले त्यसलाई बन्द गर्नेभएको छ । सम्पत्ति शुद्धीकरण र संगठित अपराध जस्ता मुद्दा सरकारले फिर्ता लिने भएपछि देश 'ग्रे लिस्ट'बाट बाहिर आउने अवस्था रहेन । रास्वपा सरकारको काम गर्ने शैलीमा परिवर्तन भएन भने देश कालो सूचीमा जाने अवस्था आउनसक्छ ।

***-इहिमालयन डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : गल्ती सच्याउने मौका पनि पाउनुहुनेछ। मनमा धेरै कुराकानी खेल्नेछ। | **तुला** : एउटा राम्रो शब्दले उत्साह थप्नेछ। आफ्नो काम आफैं गर्नु राम्रो हुनेछ। |
| **वृष** : घरमा नयाँ योजना बनाउन सक्नुहुन्छ। खर्च गर्दा हात कस्नु राम्रो हुनेछ। | **वृश्चिक** : चाँडो निर्णय लिनुपर्ने अवस्था आउन सक्छ। नयाँ काममा फाइदा दिनेछ। |
| **मिथुन** : धेरै सोचेको विषयको उत्तर आफैं भेटिन सक्छ। धर्ममा मन रमाउनेछ। | **धनु** : फरक वातावरणमा रहने सम्भावना छ। कसैको भेट सम्झनलायक बन्न सक्छ। |
| **कर्कट** : काम सकिँदा ढुक्क महसुस हुनेछ। स्वास्थ्यलाई पनि बेवास्ता नगर्नुहोस्। | **मकर** : काम पूरा गर्ने सोच बन्नेछ। पैसाको हिसाब मिलाउने दिन पनि हो। |
| **सिंह** : बोलेको कुराले राम्रो प्रभाव छोड्नेछ। बेलुकातिर रमाइलो समय बित्नेछ। | **कुम्भ** : समस्या सजिलै हल गर्न सक्छ। धेरै बोल्नुभन्दा कामले चिनिनु राम्रो हुन्छ। |
| **कन्या** : काम मिलाउँदा दिन बित्नेछ। शरीरलाई आराम दिनु पनि आवश्यक छ। | **मीन** : अरूको कुरामा धेरै अल्झिनु आवश्यक छैन। घरमा रमाइलो बढ्नेछ। |

# तुलसी रोपेर मनाइयो हरिशयनी एकादशी



**पाल्पा,** साउन ९/ आषाढ शुक्ल एकादशीका दिन शनिबार घरघरमा तुलसीको बिरुवा रोपिएको छ । प्रत्येक वर्ष आषाढ शुक्ल एकादशीका दिन मठमा तुलसीको बिरुवा रोप्ने परम्परा छ । एक महिनाअघि ज्येष्ठ शुक्ल एकादशीका दिन घरघरको तुलसी मठमा राखिएको दलका बिरुवा यस मठमा सारिएको हो ।

सनातन वैदिक परम्पराअनुसार तुलसीलाई विष्णुको प्रतीकका रूपमा मानिन्छ । आषाढ शुक्ल एकादशीदेखि कार्तिक शुक्ल एकादशीसम्म चार महिना भगवान् विष्णु क्षीरसागरमा शयन गर्ने भएकाले यस दिनलाई हरिशयनी एकादशी भनिएको संस्कृतिविद्हरूको भनाइ छ । भगवान् विष्णु शयन गर्नुहुने चार महिनालाई चतुर्मासा पनि भनिन्छ । वैज्ञानिक रूपमा पनि बढी अक्सिजन पाइने प्रमाणित भएको तुलसी विभिन्न रोगका लागि औषधिका रूपमा समेत प्रयोग गरिन्छ । तुलसीको मठ भएका स्थानमा रोग सार्ने विषालु प्रकारका कीटाणु नआउने विश्वाससमेत गरिन्छ । वास्तु दोष भएका स्थानमा तुलसीको मठ राख्नाले सकारात्मक फल प्राप्त हुने मान्यता छ । चार महिनासम्म विधिपूर्वक पूजा आराधना गरिएको तुलसीलाई कार्तिक शुक्ल एकादशी अर्थात् हरिबोधिनी एकादशीका दिन दामोदरसँग विवाह गरिदिने वैदिक विधि छ । प्रत्येक हिन्दू समुदायका घर आँगन तथा मठमा रोपिने तुलसीको बिरुवालाई आगामी चार महिनासम्म नित्यपूजा गरी हरिबोधनी एकादशीका दिन साङ्ग गर्ने शास्त्रीय परम्परा रहेको छ । एकादशीका दिन विशेष गरी चामलबाट बनेका परिकार नखाने रोटी, ढिँडो लगायत फलाहार गर्ने गरिन्छ । हरिबोधनी एकादशीका दिन भगवान् विष्णु जाग्नु हुने शास्त्रीय मान्यता छ । वैज्ञानिक रुपमा पनि तुलसीबाट धेरै अक्सिजन पाइने तथ्य प्रमाणित भएको छ । तुलसीलाई आयुर्वेदिक दृष्टिले औषधिका रुपमा समेत उपयोग गरिन्छ । सामान्य घाँटी दुखेको निको बनाउनेदेखि रोग प्रतिरोधात्मक क्षमता बढाउनेसम्ममा तुलसी उपयोगी मानिन्छ । तुलसी आफैमा सर्वगुणी भएकाले यसको संरक्षण आवश्यक छ । अर्कोतिर, यसको साइनो स्वास्थ्यसँग जोडिएकाले सफा र सहज ठाउँमा हुनुपर्छ । घरको आँगनमा तुलसी रोप्दा त्यसको प्रयोगमा त सहज हुन्छ नै घरको वातावरण राम्रो बनाउँछ । तुलसीको एक/दुई पात नियमित रुपमा सेवन गर्दा रोगसँग लड्ने क्षमता बढ्छ । चिसोका कारण ज्वरोले सताएको बेला तुलसीको पातमा अदुवाको केही टुक्रा मिसाएर उमाल्नुपर्छ । त्यसलाई सेवन गर्दा रुघा ज्वरो ठिक हुन्छ । तुलसीसँग जोडिएका यस्ता थुप्रै उपचार विधिहरू छन् ।

## कालीगण्डकी तटमा...

...सोहीस्थानमा अहिले मानवसेवा आश्रमको भवन पनि निर्माणाधीन अवस्थामा रहेको छ । केही दशकअघिसम्म निरयघाटमा हरिबोधनी एकादशी पर्वमा ठूलो मेला लाग्ने गरेकामा अहिले उक्त मेला लोप भइसकेको छ । नगरपालिकासहित सरोकार भएका निकायको साझा प्रयासमा सो ठाउँको महिमालाई पुन:जागृत गर्न पहल अगाडि बढेको हो । निरयघाटमा लक्ष्मीनारायण, जङ्गेश्वर महादेव मन्दिर, विभिन्न आश्रमलगायत धार्मिक महत्वका स्थल छन् । हरिशयनी एकादशीमा तुलसी रोपण तय गरिएपछि निरयघाटमा बिहानैदेखि भक्तालुहरूको चहलपहल बढेको थियो ।

कालीगण्डकी स्नानका लागि पनि भक्तजन यहाँ जाने परम्परा छ । भजनकीर्तनसहिस उल्लासमय वातावरणमा एकसाथ आठ सय मठमा तुलसी रोपण गरिएको थियो । हिन्दूधर्मअनुसार तुलसीलाई भगवान् विष्णुको प्रियस्वरूप तथा पवित्रताको प्रतीक मानिन्छ । घर आँगनदेखि मन्दिरसम्म तुलसी रोप्ने परम्पराले आध्यात्मिक शान्ति, धार्मिक आस्था र वातावरण संरक्षणको सन्देश दिने गरेको छ । हरिशयनी एकादशीदेखि चातुर्मास प्रारम्भ हुने भएकाले यस अवधिमा तुलसी रोपण, पूजाआराधना र संरक्षण गरेमा पुण्य प्राप्त हुने धार्मिक विश्वास रहिआएको छ । ***-रासस***

## लुम्बिनी मेडिकलमा धमाधम...

...उनले निकालिने कर्मचारी मध्ये आफुँ १६ औं नम्वरमा रहेको बताए । तानसेन नगरपालिका-७ का वडा अध्यक्ष प्रदीप खनालले लामो समयदेखि कार्यरत कर्मचारीलाई कुनै स्पष्ट प्रक्रिया, मानवीय व्यवहार वा कानुनी आधारबिना कामबाट हटाइएको विषय गम्भीर र आपत्तिजनक भएको बताए ।

“यस्तो निर्णयले कर्मचारीको मनोबल मात्र होइन, उनीहरूको जीविकोपार्जनमा समेत प्रत्यक्ष असर पर्छ । व्यवस्थापनले संवाद, पारदर्शिता र न्यायपूर्ण प्रक्रियामार्फत समस्या समाधान गर्नुपर्छ,” खनालले भने । यता लुम्बिनी मेडिकल कलेजका प्रबन्ध निर्देशक डा. बलभद्र अधिकारीले भने कर्मचारी कटौती कानुनी प्रक्रिया र सम्झौताअनुसार गरिएको दाबी गरेका छन् । उनका अनुसार सरकारले स्वास्थ्य बीमा कार्यक्रम हटाएपछि संस्थामा कर्मचारीको आवश्यकता घटेकाले केही कर्मचारी हटाइएको हो । “यो सामान्य व्यवस्थापकीय प्रक्रिया हो । सरकारले पनि आर्थिक मितव्ययिताका लागि कर्मचारी कटौती गरिरहेको छ । हामी निजी संस्था भएकाले वर्तमान आर्थिक चुनौती व्यवस्थापन गर्न सीमित संख्यामा कर्मचारी कटौती गरेका हौं,” अधिकारीले भने । यद्यपि, कर्मचारी पक्षले भने व्यवस्थापनको दाबी अस्वीकार गर्दै श्रम ऐनले तोकेको प्रक्रिया पालना नगरी गरिएको निष्कासन गैरकानुनी भएको बताएको छ ।

कर्मचारी हटाउने प्रक्रियाबारे सत्यतथ्य छानबिन गरी श्रमिकको अधिकार सुनिश्चित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्ने आवाज समेत उठ्न थालेको छ । पुराना सेयर होल्डर बाहिरिएपछि नयाँ व्यवस्थापन पक्षले धामाधम पुराना कर्मचारी निकाल्न थालेपछि सर्वत्र आवाज उठ्न थालेको हो ।

## खेलकुद समाचार

### नेपाल लगातार तेस्रो खेलमा पराजित




**काठमाडौं,** साउन ९/काभा पुरुष भलिबल च्याम्पियनसिपमा नेपाल लगातार तेस्रो खेलमा पराजित भएको छ । शुक्रबार आयोजक टोली पाकिस्तानसँग नेपाल ३-० को सोझो सेटमा पराजित भयो ।

पाकिस्तानले नेपाललाई २५-१४, २५-१८ र २५-१० ले हराएको हो । पाकिस्तानले यसअघि पनि आफ्नो दुई खेल ३-० को सोझो सेटमा नै जितेको थियो । नेपाल भने श्रीलंका र काजकिस्तानसँग पराजित भएको थियो । अब नेपालले बङ्गलादेश र उज्वेकिस्तानसँग खेल्नेछ । शीर्ष-४ मा रहँदै सेमिफाइनल पुग्न नेपालले बाँकी दुई खेलमा जीत निकाल्नुपर्नेछ । अब बाँकी रहेका दुवै खेलमा उत्कृष्ट प्रदर्शन गर्दै जित निकाल्नु नेपालका लागि अनिवार्य बनेको छ। खेलाडीहरूले आक्रमण र रक्षात्मक दुवै पक्षमा सुधार गर्नुपर्ने देखिएको छ । यस हारसँगै नेपालको सेमिफाइनल यात्रा थप कठिन बनेको छ । लगातार तीन खेलमा पराजित भएपछि टोलीमाथि दबाब बढेको छ । प्रतियोगितामा नेपालसहित आयोजक पाकिस्तान, काजकिस्तान, श्रीलंका, बङ्गलादेश र उज्वेकिस्तान गरि ६ टोली छन् । सबैले एकअर्कासँग खेलेपछि शीर्ष ४ मा रहने टोलीले सेमिफाइनल खेल्नेछन् ।


**वर्गिकृत डिस्प्ले**

**१X५ साइजमा मात्र**

**वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# ट्राफिक प्रहरीद्वारा एक करोड ५० लाख भन्दाबढी राजश्व सङ्कलन




**दाङ,** साउन ९ / ट्राफिक प्रहरी कार्यालय दाङले वितेको आर्थिक वर्ष २०८२/०८३ मा ट्राफिक नियम पालना नगर्ने १४ हजारबढी सवारी साधनलाई कारवाही गरेको छ । एक वर्षका अवधिमा १४ हजार ५६३ वटा सवारी साधनलाई कारवाही गर्दा एक करोड ५२ लाख ६० हजार, ५०० रुपैया राजस्व सङ्कलन गरेको कार्यालयका प्रमुख प्रहरी निरीक्षक केशव खड्काले जानकारी दिए । उनका अनुसार सबैभन्दा बढी नियम पालना नगर्नेमा मोटरसाइकल चालक रहेका छन् । सो अवधीमा छ हजारभन्दा बढी मोटरसाइकल चालकलाई कारवाही गरिएको छ । जिल्लामा वितेको आर्थिक वर्ष २०८२/०८३मा ३४७ सवारी दुर्घटना हुँदा ७२ जनाको अकाल मै ज्यान गएको छ । ज्यान जानेमा ५० पुरुष, १९ महिला र तीन बालबालिका रहेको ट्राफिक प्रहरी कार्यालय दाङले जनाएको छ । ती दुर्घटनामा ६६१ सवारी साधन छन् ।- ***रासस***

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला तानसेन नगरपालिका वडा नं. ६ निवासी भारतिय भू.पू. सैनिक नं. ५४४८२७३ का हवलदार प्रेम बहादुर थापा (ना.प्र. मा प्रेम बहादुर सारु) को श्रीमती कमला देवीको नेपाली नागरिकता प्रमाणपत्रमा कमला देवी सारु थापा,जन्म मिति २०१९/१२/२५ (सन् १९६३ अप्रिल ७) र निज पतिको अभिलेख सिटरोलमा नाम कमला देवी, जन्म मिति सन् १९६४ फेब्रुअरी १३ (वि.स.२०२०/११/१) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादकः रामचन्द्र रायमाझी, प्रधान सम्पादकः जगदीशप्रसाद भट्टराई